**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः ३१ मार्च २०२५

समयः १८ः५० - १९ः०० बजे

**मुख्य समाचार**

- राज्यकी मुख्यमन्त्री ममता ब्यनार्जीले कोलकताको रेड रोडमा आयोजना गरिएको ईद-नमाजमा भाग लिनु भयो।
- भाजपासित चुनावी गठबन्धनमा रहेका क्षेत्रीय राजनीतिक दलहरूलाई लिएर बैठक भोली दिल्लीको नर्थ ब्लकमा सर्वदलीय बैठक हुने भएको छ I
- लगभग १ महिना लामो रोजापछि आज दार्जीलिङ, कालेबुंग अनि खर्सांगमा हर्षोल्लासका साथ ईद पालन गरियो।
- रेलको ठक्करले खरसाङमा एक बालिका गम्भीर घाइते बनेकी छन्।
- नेपालका प्रधानमन्त्री केपी शर्मा ओलीले संविधानको विरुद्धमा कोही पनि जानु नहुने कुरामा जोड दिनु भएको छ।

**ममता ब्यानर्जी**

राज्यकी मुख्यमन्त्री ममता ब्यनार्जीले कोलकताको रेड रोडमा आयोजना गरिएको ईद-नमाजमा भाग लिनु भयो। उहासंगै तृणमूल कांग्रेसका महसचिव अभिषेक पनिले समारोहमा भाग लिनु भयो। मुख्यमन्त्री ममता ब्यनर्जी र अभिषेक ब्यनार्जीले समारोहलाई सम्बोधन गर्ने क्रममा देश र राज्यमा साम्प्रदायिक सद्भाव कायम राख्न आह्वान गर्नु भयो। केन्द्र सरकारमाथि कटाक्ष गर्नु हुदै मुख्यमन्त्रीले केही व्यक्तिहरूले अशान्ति सिर्जना गर्न खोजेको आरोप लगाउनु भयो। मुख्यमन्त्री ममता बनर्जीले भन्नु भयो, यदि कोही पनि समस्या सिर्जना गर्न आउँछ भने, सम्झनुहोस्, दीदी त्यहाँ हुनुहुन्छ I उहाले सबैलाई कुनै पनि प्रकारको उत्तेजक गतिविधिबाट बच्ने आह्वान गर्नु भयो। उहाले विदेशमा भएको कार्यक्रम रद्द गरी ईदको अवसरमा आफु बंगाल फर्किएको बताउनु भयो । उहाले पर्वको समय बाहिर जानु भन्दा , आफ्ना मानिसहरूलाई शुभकामना दिनु महत्त्वपूर्ण रहेको बताउनु भयो।

**सर्वदलीय बैठक**

भाजपासित चुनावी गठबन्धनमा रहेका क्षेत्रीय राजनीतिक दलहरूलाई लिएर बैठक भोली दिल्लीको नर्थ ब्लकमा सर्वदलीय बैठक हुने भएको छ I दार्जीलिङका सांसद राजु बिष्टले सर्वदलीय बैठक बोलाएको जानकारी गोजमुमो केन्द्रीय महासचिव रोशन गिरीले दिनु भएको छ। बैठकमा गोजमुमो, गोरामुमो, सुमेटी मुक्ति मोर्चा, गोरानिमो आदि दलहरुलाई बोलाइएको छ। ज्ञात रहोस् केन्द्रीय गृह मन्त्रालयको आयोजनामा 2 अप्रेल दिल्लीमा वार्ता हुन गइरहेको छ। 2 अप्रेलमा हुने वार्तामा सर्वसमितिले के कुरा राख्ने विषयमा 1 अप्रेलमा हुने सर्वदलीय बैठकमा तय गरिने बताउनु हुदै श्री गिरीले पिपीएस अर्थात् स्थायी राजनीतिक समाधान भनेको नै आफुहरुको लागि गोर्खाल्यान्ड रहेको बताउनु भयो ।

**पहाड - ईद**

लगभग १ महिना लामो रोजापछि आज दार्जीलिङ, कालेबुंग अनि खर्सांगमा हर्षोल्लासका साथ ईद पालन गरियो। यस अवसरमा दार्जीलिंगको ऐतिहासिक जामा मस्जिदमा मुस्लिम समुदायले बिहानीको समय विशेष प्रार्थना गरेपछि आफन्त अनि साथीभाईहरुलाई ईदको शुभकामना व्यक्त गरेको देखियो। यता जामा मस्जिदका मौलवीले पहाडवासी अनि देशवासीलाई ईदको शुभकामना व्यक्त गर्नु हुदै सम्पूर्णमा शान्ति, विकास अनि साम्प्रदायिक सहिष्णुता एवं प्रेमको कामना गर्नु भएको छ। कालेबुङमा पनि इद पर्व पालन गरिएको छ। अन्जुमन् इस्लामीया मस्जिदमा इदको पर्व हर्ष उल्लासकासाथ पालन गरियो।

महिनाव्यापी रोजा राखिएपछि आज नमाज पढेर यो व्रत खोलिएको छ। कालेबुङको ठाकुरबाडीस्थित अन्जुमन ईस्लामीया मस्जिदमा तीन समयको नमाज पढेर पर्व पालन गरियो। मुस्लिम समुदायको ईद उल फिदर खरसाङ क्षेत्रमा पनि पालन गरिएको छ। यसैबीच खरसाङको अञ्जुमिया इस्लामियाको आयोजनामा खरसाङमा ईद उल फितर पालन गरिएको छ। यस अवसरमा खरसाङ बजारमा अवस्थित मस्जिदमा शान्तिको साथमा इदको नमाज पढिएको छ। यस अवसरमा खरसाङ क्षेत्र र सम्पूर्ण पहाडमा नै शान्तिको कामना गरिएको महम्मद जैरुद्दीनले जानकारी दिनु भएको छ ।

**कल्याण देवान- दिल्ली प्रस्थान**

गोर्खा जातिको समस्या समाधान हेतु आगामी २ अप्रेलमा हुने त्रिपक्षीय वार्ताका लागि भाजपा जिल्ला अध्यक्ष कल्याण देवान आज दिल्ली प्रस्थान गर्नु भएको छ। उहालाई दिल्ली जान अघि भाजपा महिला मोर्चा अध्यक्ष चन्द्रकला राई लगायत अन्य कार्यकर्ताहरुद्वारा खादा अर्पण गरि वार्ताको लागि शुभकामना व्यक्त गरेको जानकारी प्राप्त भएको छ।

**भर्चुअल कक्ष**

प्रशासनिक अधिकारीहरूको उपस्थिति सुनिश्चित गर्ने तथा अदालतमा उनीहरूको भौतिक उपस्थितिलाई कम गर्ने उद्देश्यले पश्चिम बंगाल सरकारले एउटा नयाँ कदम उठाएको छ। राज्य सरकारले प्रत्येक जिल्लामा स्थायी भर्चुअल कक्ष स्थापना गरेको छ जहाँबाट अधिकारीहरूले भीडियो कन्फ्रेन्सिंगको माध्यमबाट बैठक गर्न सक्नेछन्। नवान्नका एकजना अधिकारीले बताए अनुसार , पहिला पनि भर्चुअल माध्यमबाट बैठकहरू हुने गरेको तर कोरोना महामारीपछि यसको चलन अझ बढ्रेर गएको छ। अदालतले पनि भर्चुअल माध्यमबाट सुनवाई एवं बैठकहरू गर्ने सल्लाह दिएको छ। त्यसैले एक स्थायी ढाँचाको वोध गर्दै यस पहल अन्तर्गत राज्यभरि 392 भर्चुअल कक्षहरू स्थापना गरिएको जानकारी प्राप्त भएको छ I जसको प्रयोग महत्वपूर्ण विभाग, स्वास्थ्य, शिक्षा एवं नगरपालिका मामिलाहरूमा गरिनेछ।

**खरसाङ- दुर्घटना**

रेलको ठक्करले खरसाङमा एक बालिका गम्भीर घाइते बनेकी छन्। घाइते बालिकालाई प्राथमिक उपचारको निम्ति खरसाङ महकुमा अस्पताल लगिएको थियो। त्यसपछि उनलाई उत्तर बङ्गाल मेडिकल कलेज एव अस्पताल रेफर गरिएको जानकारी प्राप्त भएको छ। प्राप्त जानकारी अनुसार दार्जिलिङबाट सिलगढी गईरहेको रेलले खरसाङ बजार आईपुग्दा एक जना बालिकालाई केही क्षण सोहोरेर लगेको बताइएको छ। घटना दिउँसो लगभग 12 बजेर 30 मिनट बजेतिरको बताइएको छ। ट्रेनको चपेटमा परेर घाइते बनेकी बालिका खरसाङको मकैबारी चियाबारीको कैलापानी निवासी रहेको जानकारी प्राप्त भएको छ। घटनापछि खरसाङ रेलवे स्टेशनमा बालिकाको परिवार पक्ष, गाउँलेहरु र रेलवेमाझ बैठक पनि सम्पन्न भएको छ। बैठकमा पुलिस प्रशासन पनि उपस्थित रहेको थियो ।

**सुभेन्दु – रामनवमी**

भाजपा नेता शुभेन्दु अधिकारीले रामावनमीको अवसरमा 5 अप्रेलदेखि 9 अप्रिलसम्म राज्यका प्रत्येक जिल्लाको भ्रमण गरेर रामनवमी मनाउने योजना बनाएको जानकारी प्राप्त भएको छ । यद्यपि, कहिले र कहाँ जाने भन्ने बारेमा अन्तिम निर्णय उहा आफैंले गर्नु हुनेछ ।हालै सम्पन्न विधानसभाको बजेट सत्रको क्रममा, पूर्व प्रदेश अध्यक्ष तथा पूर्व सांसद दिलीप घोषले पनि शुभेन्दु अधिकारीको कार्यालयको भ्रमण गर्नु भएको थियो । कुराकानीको क्रममा, दुवै नेताहरूले रामनवमीको लागि ठूलो संख्यामा निमन्त्रणा प्राप्त भइरहेको स्वीकार गर्नु भएको छ । श्री अधिकारीको कार्यालय स्रोतका अनुसार शुभेन्दु अधिकारीलाई प्राप्त हुने निमन्त्रणाको संख्या दिन प्रतिदिन बढ्दै गएको छ। भाजपा व्यवस्थापिका दलका स्रोतहरूका अनुसार शुभेन्दु अधिकारीले राज्यका हरेक जिल्लामा रामनवमी मनाउने योजना बनाएका छन्। उहाले अप्रिल ५ देखि ९ सम्म, विभिन्न चरणमा विभिन्न जिल्लाहरूको भ्रमण गर्नुहुनेछ।

**कार्यशाला सम्पन्न**

काजी नजरुल विश्वविद्यालय, आसनसोल र उमा फाउन्डेसन, नैहाटीको संयुक्त तत्वावधानमा आयोजित सात दिवसीय अनुवाद-सिर्जना कार्यशाला र एक दिवसीय अन्तर्राष्ट्रिय सेमिनार सम्पन्न भयो। कार्यशाला २३ मार्चमा सुरु भएको थियो र यसको उद्देश्य अनुवाद, भाषा र साहित्यिक सिर्जनाको क्षेत्रमा गहन अध्ययन र छलफललाई प्रवर्द्धन गर्नु थियो। यस कार्यशालामा देशभरका प्रख्यात विद्वान, शिक्षक, अनुसन्धानकर्ता र विद्यार्थीहरूले भाग लिएका थिए। यो नयाँ शिक्षा नीति अन्तर्गत सीप विकास कार्यक्रमको दिशानिर्देशहरू अनुरूप सञ्चालन गरिएको थियो, जसमा 'अनुवाद र रचनात्मक लेखन सीप' को विकासमा विशेष ध्यान केन्द्रित गरिएको थियो। यसैबीच, "हिन्दी भाषा र साहित्यको विकासमा पश्चिम बंगालको योगदान" शीर्षकमा आयोजित एक दिवसीय अन्तर्राष्ट्रिय सेमिनारको उद्देश्य राष्ट्रिय शिक्षा नीति-२०२० अन्तर्गत सामुदायिक सहभागिता, साझा संस्कृति र भारतीय ज्ञान प्रणालीलाई प्रवर्द्धन गर्नु थियो। यस अफलाइन सेमिनारमा १ हजार ९७ जना सहभागीहरूले दर्ता गरेका थिए भने अनलाइन कार्यशालामा १ सय ४९ जना सहभागी थिए।

**भागोप्रमो – मिरिक**

भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा युवा शक्ति मिरिक महकुमा समितिको साँगठनिक सभा मिरिक युवा आवासमा भन्यो । सभामा मुख्यरूपमा युवा शक्ति केन्द्रीय उपाध्यक्ष अनुप गदाल लगायत मिरिक महकुमा अध्यक्ष उमेस तोलाङ्गी अनि अन्य पार्टी प्रतिनिधीहरुको उपस्थिति रहेको थियो । सभामा युवा शक्ति केन्द्रीय उपाध्यक्ष अनुप खदालले युवा शक्ति भागोप्रमोको मेरूदण्ड रहेको अनि युवाहरूलाई भागोप्रमोका केन्द्रीय अध्यक्ष अनित थापाले सकरात्मक सोच राखेर संगठनमा मात्रै नभएर सृजानात्मक कार्यमा पनि अग्रसर गराई रहेको कारण युवा शक्तिलाई संगठित भएर अघि बड्ने आव्हान गर्नु भयो । उहाले साँगठनिक एकतामाथि जोर दिनु हुदै आपसी तालमेल र एकता कायम राखेर युवाहरूलाई अघि बड्ने आव्हान गर्नु हुदै युवाहरूको काँधमा ठूलो जिम्मेवारी रहेको र युवाहरूले नै समाजलाई विकासको मार्गमा अग्रसर बन्ने अनुरोध गर्नु भयो ।

**सोनादा - सेग्रीगेशन सेन्टर**

सोनादाको गोराबारी एवं सरस्वती डाँडाबीचको स्थानमा फोहोर व्यवस्थापन गर्न हेतु निर्माण हुन लागेको मैला सेग्रीगेशन सेन्टरको विधिवत रुपमा शिलान्यास क्षेत्रीय सभासद अनोश थापाको बाहुलीबाट गरिएको छ। गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनको तर्फबाट निर्माण हुन लागेको सेग्रीगेशन सेन्टरको निर्माण कार्यको लागत 18 लाख 19 हजार 7 सय 78 रुपियाँ रहेको छ। शिलान्यास कार्यमा सभासद अनोश थापा लगायत लोवर अनि अप्पर सोनादा ग्राम पञ्चायतको पञ्चायत प्रधान, उप प्रधान, पञ्चायत सदस्यहरु र पञ्चायत समिति सदस्यहरु उपस्थित रहेका थिए। शिलान्यास कार्यक्रमपछि पत्रकारहरुसित कुराकानी गर्नु हुदै सभासद अनोश थापाले सोनादा क्षेत्रको मैला व्यवस्थापन गर्नका लागि यो सेग्रीगेशन सेन्टर सानो भए पनि यसको महत्त्व ठूलो रहेको बताउनु भयो I उहाले चुनावको बेला घोषणा पत्रमा उल्लेख गरिएको कुरा आज आएर पूरा भएको पनि बताउनु भएको छ ।

**मिरिक – महापुराण**

मिरिक महाकुमाको ओकेटी चियाकमान धजेटार साात माइल गुरूङ फाटकमा आजदेखि संगीतमय श्रीमद्भागवत महापुराण ज्ञान यज्ञ शुरू भएको छ । धार्मिक अनुष्ठानको पहिलो दिन कलस यात्रा निकालियो ।जसमा स्थानीय भक्तहरूको व्यापक उपस्थिति रहेको थियो । महापुराणका मुख्य कथा वाचक पण्डित केशवचन्द्र शर्मा,उप कथावाचक पण्डित नारायण खतिवडा रहेका छन् भने उत्तममणि बम्जन प्रमुख भजन गायकको रूपमा उपस्थित रहेका छन् ।उक्त महापुराण आगमी 6 अप्रेलसम्म जारी रहने आयोजक समितिको पक्षबाट सोबन तामाङले जानकारी गराउनु हुदै सबैलाई सहभागी भइदिने अनुरोध गर्नु भएको छ ।

**खरसाङ- सेभ-ड्राइभ सेफ लाईभ**

खरसाङ पुलिस प्रशासनले सुपरिटेन्डेन्ट अफ पुलिस दार्जिलिङको निर्देशनमा खरसाङमा सेभ-ड्राइभ सेफ लाईभ अन्तर्गत एउटा सचेतना कार्यक्रम सम्पन्न गरेको छ। कार्यक्रममा ट्राफिक ओसी बिरेन्द्र छेत्री, एसआई पेमा हिस्से, खरसाङ-सिलगढ़ी सिन्डिकेटका चालकहरू, दार्जिलिङ ट्रक ड्राइभर एसोसिएशनका चालकहरू अनि अन्य उपस्थित रहेका थिए। कार्यक्रममा चालकहरूलाई खर्सांग बजार अनि अस्पताल नजीक दुईवटा पीक अप अनि ड्रप अफ पोइन्ट बनाइएको अनि सोही स्थानमा यात्रुहरूलाई पीक अप अनि ड्रप गरिदिने आह्वान गराईएको ट्राफिक ओसी बिरेन्द्र छेत्रीले बताउनु भएको छ । यसका साथै चालकहरूलाई विद्यालयहरुको नजिकमा वाहन धिमा गतिमा चलाउने, अस्पताल परिसरमा हर्न नबजाइदिने अनि आफ्नो वाहनको आवश्यक कागजपत्रहरु साथीक राखिदिने पनि प्रशासनको पक्षबाट आह्वान गरिएको छ ।

**नेपाल – प्रधानमन्त्री**

नेपालका प्रधानमन्त्री केपी शर्मा ओलीले आज नयाँ बानेश्वरस्थित संसद भवनमा प्रतिनिधिसभाको बैठकलाई सम्बोधन गर्नुभयो। प्रधानमन्त्री ओलीले गत शुक्रबार राज परिवारको हिंसात्मक आन्दोलनसँग सम्बन्धित मुद्दाहरूलाई सम्बोधन गर्नु भयो र संविधानको विरुद्धमा कोही पनि जानु नहुने कुरामा जोड दिनु भयो। प्रधानमन्त्री केपी शर्मा ओलीले मित्र राष्ट्र थाइल्याण्डको आफ्नो औपचारिक भ्रमण र बिमस्टेक शिखर सम्मेलनमा आफ्नो सहभागिताको बारेमा संसदलाई जानकारी गराउनु भयो । प्रतिनिधिसभाको बैठकलाई सम्बोधन गर्नु हुदै प्रधानमन्त्री ओलीले कूटनीतिक सम्बन्ध स्थापना भएको ६५ वर्षपछि नेपाली प्रधानमन्त्रीको यो पहिलो औपचारिक भ्रमण भएको जानकारी दिनु भयो। भ्रमणको क्रममा प्रधानमन्त्री ओलीले थाइल्याण्डका राजा र उनका समकक्षीसँग भेटघाट गर्नु हुनेछ।

****** ० ******